गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

चलानी नं. ११३९/११०९५०/०८०/०८१

मितिः-२०८०/१०/१६

श्रीमान् प्रमुखज्यू,
नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषयः- उन्नातिसौं वार्षिक साधारण सभाको निणर्य (माइन्युट) पठाएको बारे ।

महोदय,

यस वित्तीय संस्थाको उन्नातिसौं बार्षिक साधारण सभा मिति २०८० साल माघ १५ गते सोमबार (तदनुसार २९ जनवरी २०२४) मा गुडविल फाइनान्स लिमिटेड, गुडविल कम्प्लेक्स् हात्तिसार, काठमाडौंमा विहान ११:०० बजे सम्पन्न भएकोले यस वित्तीय संस्थाको उन्नातिसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट), लेखा परिक्षकको नियुक्ती, तथा आ.ब. २०७९/०८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण समेत यसै पत्र साथ तहाँको जानकारीका लागि अनुरोध गर्दछु ।

भवदीय,

स्वयम्भू शाक्य
(कम्पनी सचिव)

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

२. श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

३. श्री कम्पनी रजिष्ट्ररको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

४. श्री नेपाल धितोपत्र बोर्ड,
गोदावरी रोड, ललितपुर ।

५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाडौं ।

६. श्री एन आई बि एल एस क्यापिटल लि.,
लाजिम्पाट, काठमाडौं ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
उनान्तीसौं वार्षिक साधारण सभाको
(निर्णय माईन्युट)

**साधारण सभा भएको स्थान :**

गुडविल फाइनान्स लिमिटेडको उनान्तीसौं वार्षिक साधारण सभा वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री विश्व प्रकाश साखःज्यूको अध्यक्षतामा मिति २०८० साल माघ १५ गते सोमबार (तदनुसार २९ जनवरी २०२४) मा गुडविल फाइनान्स लिमिटेड, गुडविल कम्प्लेक्स् हात्तिसार, काठमाडौंमा विहान ११:०० बजे शुरु भई दिनको ११:५० बजे सु-सम्पन्न भयो ।

**साधारण सभाको सुचना :**

यस वित्तीय संस्थाको उनान्तीसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको सम्पूर्ण विवरण खुलाई मिति २०८० साल पौष २३ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८० माघ ०७ गते नयाँपत्रिका राष्ट्रिय दैनिक पत्रिका मार्फत शेयरधनी महानुभावहरुलाई इमेल एवं संस्थाको वेबसाइट www.goodwillfinance.com.np मार्फत जानकारी गराउँदै संचालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र अन्य दस्तावेजहरु समेत प्रत्येक शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा यथा समयमा पठाई एस. एम. एस. तथा टेलिफोनबाट समेत पुनः जानकारी गरिएको थियो ।

**ख) छलफलका बिषयहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३) लेखा समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री वि.आर.एस न्यौपाने एण्ड कम्पनीका पार्टनर ज्ञानेन्द्र बहादुर भारी पुनः नियुक्ती गर्न मिल्ने) ।
४) संचालक समितिको थप अवधिमा भए गरेका कामको अनुमोदन गर्ने ।

**विशेष प्रस्तावः**

१) प्रवन्ध पत्रमा उद्देश्य थप गर्ने ।
२) प्रवन्ध पत्रमा उद्देश्य थप गर्दा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजित गर्ने ।
३) एक जना महिला सहित संस्थापक शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधि गर्ने संचालक पद २ र सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने पद २ को निर्वाचन ।

४. विविध

उपस्थिति :

संचालकज्यूहरु :

१. श्री विश्व प्रकाश साख: — अध्यक्ष

२. श्री पशुपति भक्त श्रेष्ठ — संचालक

३. श्री दिलिप कुमार मुनंकमी — संचालक

४. श्री जेनी जोशी — संचालक

५. प्रा.डा.श्री सुशिल भक्त माथेमा — स्वतन्त्र संचालक

पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | श्री सरोज काजी तुलाधर | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री स्वयम्भू शाक्य | कम्पनी सचिव |
| ३. | श्री पारस नरसिंह प्रधान | कार्यकारी प्रवन्धक |
| ४. | श्री ज्ञानेन्द्र वहादुर भारी | वाह्यि लेखा परिक्षक |

**सभामा शेयरधनीहरुको प्रतिनिधित्व :**

उदघोषक कम्पनी सचिवले उनान्तीसौं वार्षिक साधारण सभा शुरु गर्न लागेको जानकारी दिदैं शेयरधनी महानुभावहरुलाई सभा भवन भित्र आई आ–आफनो आसन ग्रहण गरि दिनु हुन अनुरोध गर्नु भएपछि यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री विश्व प्रकाश साख:ज्यूको अध्यक्षतामा सभा संचालन गर्न जानकारी दिए पश्चात अध्यक्षज्यूको आज्ञानुसार कम्पनी सचिवले कम्पनी ऐन बमोजिम सहभागी स्वयम् उपस्थित र प्रोक्सी समेत गरि जम्मा ६६ प्रतिशत शेयरधनी महानुभावहरुको प्रतिनिधित्व समेत भईसकेकोले गणपुरक संख्या पूरा भई आजका उनान्तीसौं बार्षिक साधारण सभा सु–सम्पन्न गर्नको लागि सभाका अध्यक्ष महोदयले हार्दिक अनुरोध गर्नु भएपछि दिनको ११:०० बजे यस वित्तीय संस्थाको उनान्तीसौं वार्षिक साधारण सभाको कार्यक्रम आरम्भ भयो ।

**अध्यक्षज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन**

सभामा अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.ब. २०७९/०८० को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । बार्षिक प्रतिवेदन प्रस्तुत गरी सकेपछि छलफलका लागि अध्यक्ष महोदयले आव्हान गर्नु भए अनुसार ब्रम्हदेव शाक्य, कृष्ण कास्यप, सुदिप श्रेष्ठले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने लिखित रुपमा अमिर दास रंन्जित, राम मान श्रेष्ठ, रोज कुमार श्रेष्ठ, नरसिंह लाल चँखु, इन्द्र प्रसाद लामिछाने र इन्द्र कृष्ण श्रेष्ठले दिनु भएको थियो ।

## अध्यक्षज्यूको प्रतिउत्तर

अध्यक्षज्यूले शेयर धनीहरुले व्यक्त गर्नु भएको मन्तव्य प्रति धन्यवाद दिदै यहाँहरुको सुझावलाई समय परिस्थिति अनुसार सुधार गर्दै जाने तर्फ प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । संस्थाले हरेक बर्ष शेयरधनीहरुलाई लाभांश दिदै आएकोमा यस समिक्षा बर्षमा विविध कारणले गर्दा दिन नसकेको र अर्को बर्ष यस तर्फ सचेत रहने व्यहोरा सभामा जानकारी दिनु भयो । अधिकाशं शेयरधनीहरुले मर्जरमा नजान अग्रह गर्दै वार्षिक साधारण सभा समयमै गर्न र निस्कृय कर्जा अझ घटाउनु पर्ने आवश्यकतालाई जोड दिदै योग्य कर्मचारीहरुको कारण संस्थाको काम कारवाहीमा सन्तुष्टि व्यक्त गर्नु भएको थियो ।

## निर्णयहरु

१. उनान्तीसौं वार्षिक साधारण सभाका लागि निर्धारित छलफलका विषयसूची अनुसार विस्तृत छलफल पछि सर्वप्रथम अध्यक्ष महोदयले सभामा संचालक समितीको प्रतिवेदन अनुमोदनको लागि प्रस्ताव राख्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यों ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात तथा आ.ब. ०७९/०८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण स्वीकृती गरी दिने प्रस्तावमा छलफल पश्चात सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. आ.ब.०८०/०८१ को लागि लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सम्बन्धमा लेखापरिक्षण समितिको सिफारिसनुसार श्री बि आर एस न्यौपाने एण्ड कम्पनीको पाटर्नर ज्ञानेन्द्र बहादुर भारीलाई नियुक्ती गर्ने र निजको पारिश्रमिकको हकमा नेपाल चार्टड एकाउन्टेन्स संस्थाबाट लेखा व्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धमा जारी गरिएको निर्देशिका २०७८ परिच्छेद ३, बुदाँ नं. ६ को ५ (ञ) (१) को व्यवस्था बमोजिम लेखा परिक्षण कार्यमा लाग्ने सम्पूर्ण प्रशासनिक खर्च सहित एकमुष्ट रु १०,००,०००। (अक्षरेपी दश लाख रुपैया) मात्र भ्याट सहित प्रदान गर्न सिफारिस गरेकोमा सभामा छलफल हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. संचालक समितिको कार्यकाल मिति २०८० साल पौष मसान्त सम्म रहेकोमा उक्त समयावधि भित्र बार्षिक साधारण सभा सम्पन्न गर्न नसकी मिति २०८० माघ १५ गतेका दिन वार्षिक साधारण सभा सम्पन्न भई संचालक समितिको निर्वाचन समेत भैसकेकोले संचालक समितिको उक्त थप अवधिमा भए गरेका काम कारवाहीहरलाई सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

## विशेष प्रस्ताव

१) यस वित्तीय संस्थाको प्रवन्ध पत्रमा उद्देश्य थप गर्नु पर्ने भएकोले थप गर्न विशेष प्रस्ताव अन्तर्गत सभामा छलफल हुदाँ सभाले निम्न लिखित उद्देश्य थप गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
को
प्रबन्ध पत्रमा प्रस्तावित गरिएको संशोधनको तीन महले विवरण

| साबिकको व्यवस्था | नयाँ प्रस्तावित व्यबस्था | संशोधनको औचित्यता |
|---|---|---|
| | दफा ४ (क,च)<br>यस वित्तीय संस्था वा सहायक कम्पनी वा संयुक्त लगानीमा धितोपत्र दलाल सम्बन्धि कार्य गर्ने, प्राइभेट इक्विटी, भेन्चर क्यापिटल लगायतका विशिष्टिकृत लगानी कोषहरुको संचालन, कोष प्रवर्धन, कोष व्यवस्थापन गर्ने गराउने । | समयानुसार उद्देश्य थप गर्नु पर्ने भएकोले । |

२) यस वित्तीय संस्थाको पवन्धपत्रमा उद्देश्य थप गर्दा नियमन निकायबाट कुनै निर्देशन वा सुभाब दिएमा सोही अनुरुप आवश्यक समोयजन गर्न संचालक समितिलाई अख्तियार प्रत्यायोजित गर्ने विशेष प्रस्ताव अन्तर्गत सभामा छलफल पश्चात संस्थाको प्रवन्धपत्रमा उद्देश्य थप गर्दा सम्बन्धित नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुभाव प्राप्त भएमा सोही बमोजिम गर्ने गरी आवश्यक उद्देश्य थप गर्न कुनै पदाधिकारीलाई तोक्न सक्ने गरी सम्पूर्ण अख्तियार संचालक समितिलाई प्रत्यायोजित गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

३) एक जना महिला सहित संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ ( दुई) र सर्वसाधारण शेयर धनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ (दुई) समेत गरी जम्मा ४ (चार) जनाको निर्वाचनमा निर्वाचन अधिकृत अधिवक्ता श्री महेन्द्र बहादुर श्रेष्ठले संस्थापक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचन नभई निविरोध निर्वाचित हुनु भएकोले तपसिलमा उल्लेखित शेयरधनी महानुभावहरु संचालक समितिमा आगामी ४ (चार) बर्षको लागि निविरोध निर्वाचित भएको व्यहोरा जानकारी गर्नु भएको थियो ।

**संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरु :**

| | | | |
|---|---|---|---|
| १. श्री दिलीप कुमार मुनंकर्मी | संचालक | ४ बर्ष | संस्थापक |
| २. श्री जेनी जोशी | संचालक (महिला) | ४ बर्ष | संस्थापक |
| ३. श्री पशुपति भक्त श्रेष्ठ | संचालक | ४ बर्ष | सर्वसाधारण |
| ४. श्री उदयश्वर श्रेष्ठ | संचालक | ४ बर्ष | सर्वसाधारण |

४. विविध अन्तर्गत कुनै छलफल भएन ।

अन्तमा, यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभामा संचालक समितिका सदस्य प्रा.डा. सुशिल भक्त माथेमाज्यूले धन्यवाद ज्ञापन गर्नु भएको थियो । आजको सभा बिर्सजन गर्दै अध्यक्ष महोदयले लामो समयसम्म धैर्यतापूर्वक साधारण सभामा सहभागी भएर संचालक समितिले पेश गरेको प्रस्तावहरु पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यबाद दिदै सभा सफलतापूर्वक सु-सम्पन्न गर्न सबै पक्षहरुबाट सहयोग प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्दै उनान्तीसौं बार्षिक साधारण सभा विर्सजन गर्नु भयो ।

विश्व प्रकाश साख:
अध्यक्ष
संचालक समिति

स्वयम्भू शाक्य
(कम्पनी सचिव)

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

चलानी नं. ११२८/११०९४६/०८०/०८१

मिति:-२०८०/१०/१५

श्रीमान् प्रमुखज्यू,
नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय: लेखा परिक्षक नियुक्ती भएको जानकारी गरिएको बारे ।

महोदय,

यस वित्तीय संस्थाको उन्नातिसौं बार्षिक साधारण सभा मिति २०८० साल माघ १५ गते सोमबार (तदनुसार २९ जनवरी २०२४) मा गुडविल फाइनान्स लिमिटेड, गुडविल कम्प्लेक्स् हात्तिसार, काठमाडौंमा विहान ११:०० बजे सम्पन्न भएकोमा आ.ब.०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सम्बन्धमा लेखापरिक्षण समितिको निर्णयानुसार श्री बि आर एस न्यौपाने एण्ड कम्पनीको पाटर्नर ज्ञानेन्द्र बहादुर भारीलाई नियुक्ती गर्ने र निजको पारिश्रमिकको हकमा नेपाल चार्टड एकाउन्टेन्स संस्थाबाट लेखा व्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धमा जारी गरिएको निर्देशिका २०७८ परिच्छेद ३, बुदाँ नं. ६ को ५ (त्र) (१) को व्यवस्था बमोजिम लेखा परिक्षण कार्यमा लाग्ने सम्पूर्ण प्रशासनिक खर्च सहित एकमुष्ट रु १०,००,०००। (अक्षरेपी दश लाख रुपैया) मात्र भ्याट सहित प्रदान गर्न सिफारिस गरेकोमा सभामा छलफल हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सो को जानकारीको लागि अनुरोध गर्दछु ।

भवदीय,

स्वयम्भू शाक्य
कम्पनी सचिव